# उच्च अदालत जनकपुर

## राजबिराज इजलास

फोन नं.तथा फ्याक्स ०३१५२०६८३
(रजिष्ट्रार)
फोन नं. ०३१५२०६८२ (प्रशासन)
mail:- infoacrajbiraj@acourt.gov.np
website:-www.supremecourt.gov.np

पत्र संख्याः-
च.नं

मितिः- २०७८।०३।०१

बिषयः सूचना ।

संसारभरी फैलिएर नेपालमा पनि प्रभाव पारिरहेको नयाँ भेरियन्टसहितको दोस्रो लहरको कोरोना भाइरस संक्रमणको दरमा हाल केही कमी आएको भएतापनी जोखिम न्यूनिकरण भईनसकेको तथा सप्तरी र सिराहा जिल्ला प्रशासनहरुले लगाएको निषेधाज्ञाको आदेश हालसम्म कायमै रहेको अवस्थामा संक्रमणबाट जोगिन/जोगाउन, अदालतबाट प्रवाह हुँदै आएका सेवाहरु संकुचन गरी अत्यावश्यक कामकाजहरु मात्र यस अदालतको पूर्व निर्णय बमोजिम सुचारु हुदैआएको कुरा विदितै छ । सोहि बमोजिमको कामकारबाहीलाई यस अदालतको मिति २०७८।०३।०१ को पूर्णवैठक (Full Court)ले निरन्तरता दिई यथाबत रुपमा संचालन गर्ने र थप कामकारवाही विस्तार गर्ने नगर्ने भन्ने विषयमा आगामी वैठकमा भएको निर्णयानुसार हुने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>यथावत रुपमा संचालन हुने सेवाहरुः</u>

- बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई,
- क़ोभिड-१९ सँग सम्वन्धित रिट निवेदन दर्ता र सुनुवाई,
- यस अदालतबाट सुरु कारबाही किनारा हुने मुद्दामा पक्राउ पूर्जी जारीको अनुमती, जरुरी पक्राउ पूर्जीको अनुमति स्वीकृत, म्याद थप, अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेश,
- कसुर कायम भई सजाय निर्धारणका लागि तोकिएको मुद्दाहरुको सुनुवाई,
- मुद्दा मिलापत्र र मुद्दा फिर्ता,
- बिपक्षी नझिकाइएका सरकारबादी फौजदारी मुद्दामा सरकारी वकीलको पुनरावेदन परेको हकमामात्र कोभिड-१९ को संक्रमणको अवस्थालाई ध्यानमा राखि आंशिक रुपमा सुरक्षाको मापदण्ड अपनाई सुनुवाई गर्ने,
- उक्त अवधिमा सुनुवाई हुने मुद्दाको निवेदन दर्ताको समय बिहान ११:०० वजे देखि दिनको ३:०० बजे सम्म हुने,
- यस अदालतबाट प्रदान हुने सेवा प्रवाह संकुचन भएको अवधिको लागि मुद्दा, रिट तथा निवेदनहरुमा म्याद, हदम्याद तथा तारेख गुज्रेको मानिने छैन् । सो अवधिका म्याद, तारिख, हदम्याद सप्तरी र सिराहा जिल्लामा लागु भएको निषेधाज्ञा पूर्णरुपमा खुलेको मितिले १५ (पन्ध्र) दिनभित्र थाम्न थमाउन सकिने,

अदालत प्रशासन

उप-रजिष्ट्रार